# घाइते हुँडारको उद्धार गरी उपचार

❑ कुलदीप क्यौपाने

घोराही, २७ चैत। पश्चिम दाङको एक गाउँमा भेटिएको घाइते हुँडारको घोराहीमा उपचार शुरु गरिएको छ।

तुलसीपुर उप-महानगरपालिका-८ कटकुइयामा मंगलवार बिहान अन्दाजी सात वर्षको पोथी हुँडार घाइते अवस्थामा भेटिएको थियो। घाइते अवस्थामा जंगलबाट गाउँमा आएको हुँडारलाई गाउँलेहरूले नियन्त्रणमा लिएर गोठमा राखेका थिए। घाइते हुँडारले कसैमाथि आक्रमण नगरोस् भनेर उनीहरूले गोठमा राखेका हुन्।



स्थानीयवासी र प्रहरीले जिल्ला वन कार्यालयमा सूचना गरेपछि सेक्टर वन कार्यालय तुलसीपुरका प्रमुख मुकुन्द अधिकारीको नेतृत्वमा घोराहीका सशस्त्र वन रक्षकसहितको टोली घाइते हुँडारको उद्धार गर्न गएको थियो। वन कार्यालयको टोलीले आपतकालीन उद्धार केजमा राखेर घोराही ल्याएपछि जिल्ला पशु सेवा कार्यालयमा उपचार शुरु गरिएको छ। हुँडारको टाउकोमा चोट लागेको छ भने बायाँ आँखा झरेको छ।

यसैबीच घोराहीमा उपचार गर्न खोजीए पनि सम्भव नभएपछि घाइते हुँडारलाई बर्दिया राष्ट्रिय निकुञ्जमा पठाइएको सेक्टर वन कार्यालय तुलसीपुरका फरेष्टर ध्रुव गौतमले जानकारी दिनुभयो।

यसलाई बर्दिया राष्ट्रिय निकुञ्ज वा काठमाडौंको चिडियाखानामा राख्न उपयुक्त हुने हुँडारका अनुसन्धानदाता चिरञ्जीवी खनालले जानकारी दिनुभयो। चोरी शिकारको क्रममा गोली हानिएको हुनसक्ने उहाँले बताउनुभयो। एकिन संख्या थाहा नभए पनि नेपालमै सबैभन्दा धेरै हुँडार दाङमा पाइने आफ्नो अध्ययनले देखाएको खनालले जानकारी दिनुभयो।